मिति :- २०७३।०९।२७
समय :- बिहान ८:०० बजे

स्थान :-पाखीबास नगरपालिका कार्यालय

बैठक :- नेपाल सरकार,संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालयबाट प्राप्त अख्तियारी अनुसार स्थानीय स्वायत शासन ऐन,२०५५ को दफा ९० बमोजिम तेस्रो नगरपरिषद बैठक ।

अध्यक्षता :- प्रमुख /कार्यकारी अधिकृत श्री पुरुषोतम घिमिरे

उपस्थिति :-

१. ईन्जिनियर श्री दिपक राई
२. लेखापाल श्री रामस्वरुपराज भण्डारी
३. वडासचिब श्री ठगेन्द्रप्रसाद अधिकारी
४. वडासचिब श्री किरण राई
५. वडासचिब श्री राजेन्द्र तामाङ
६. वडासचिब श्री श्याम बहादुर देउजा
७. वडासचिब श्री हरिप्रसाद गौतम
८. सामाजिक परिचालक श्री खेमचन्द्र वस्ती

निर्णय नं. १ :
यस **पाखिवास** नगरपालिकाको **तेस्रो** नगरपरिषदद्धारा पारित बजेट, नीति, कार्यक्रम तथा सम्पूर्ण निर्णयहरु सार्वजनिकीकरण कार्यक्रममा प्रमुख तथा कार्यकारी अधिकृतले पेश गर्ने नीति तथा कार्यक्रम निम्नानुसार पारित गर्ने निर्णय गरियो ।

## पाखीबास नगरपालिकाको तेश्रो नगर परिषदको अबसरमा प्रमुख तथा कार्यकारी अधिकृत श्री पुरुषोत्तम घिमिरेद्वारा आर्थिक वर्ष २०७४/०७५ का लागि प्रस्तुत

## बजेट बक्तब्य

पाखीबास नगरपालिकाको तेस्रो नगर परिषद कार्यक्रममा हाम्रो आतिथ्यतालाईसहृदय
स्विकार गर्दै उपस्थित हुनु भएका
प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रकाश उप्रेती ज्यू
बिशेष अतिथि स्थानीय बिकास अधिकारी श्री पर्वप्रसाद सापकोटा ज्यू
बिशेष अतिथि धनकुटा नगरपालिका कार्यकारी अधिकृत श्री तिर्थप्रसाद धिताल ज्यू
अतिथि नगरपालिका स्तरीय राजनैतिक दलका प्रतिनिधि ज्यूहरू
जालपा देवी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष ज्यू
जालपा देवी क्याम्पसका प्रमुख ज्यू
उच्च माबिका प्रमुख ज्यूहरू
संचारकर्मी ज्यू हरू
बिभिन्न गैर सरकारी संस्थाका प्रमुख ज्यूहरू
नगर स्तरीय उद्योग बाणिज्य संघका अध्यक्ष ज्यू
निबर्तमान गा.बि.स. अध्यक्ष ज्यूहरू
स्थानीय लक्षित समुहका प्रमुख एवं प्रतिनिधिज्यूहरू
वडा नागरिक मञ्चका संयोजक ज्यूहरू
महिला संजाल प्रमुख ज्यू
नागरिक सचेतना केन्द्रका प्रमुखहरु
सामुदायिक संस्थाका प्रमुख ज्युहरु
सहकारी संस्थाका प्रतिनिधि ज्युहरु
नागरिक समाज/समाजसेवी/बुद्धिजिवि ज्युहरु
नगरपालिका कार्यालयमा कार्यरत संम्पूर्ण कर्मचारी मित्रहरु ।

### आदरणीय महानुभावहरू

सर्ब प्रथम लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र नेपाली जनतालाईसार्बभौम अधिकार सम्पन्न बनाउन बिभिन्न आन्दोलनहरुमा शाहदात प्राप्त गर्ने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

पाख्रीबास नगरपालिकाको तेश्रो नगर परिषद निर्णय सार्बजनिक सभामा आर्थिक बर्ष २०७४/०७५ बार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा गौरवान्वित महशुस गरेकोछु ।यस अबसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो ब्यस्त समयका बाबजुद उपस्थित हुनु हुने प्रमुख अतिथि, बिशेष अतिथि, सबै राजनैतिक दलका नगर स्तरीय प्रमुख एवम प्रतिनिधिज्यू लगायत संपूर्ण आमन्त्रित महानुभाबहरूलाई पाख्रीबास नगरपालिकाको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु ।

## आदरणीय महानुभाबहरू

स्थानीय निकायमा जन प्रतिनिधि नभएको अवस्थामा यि निकायहरुको कार्य संचालन कठिन एबं चूनौतिपूर्ण रहेको छ। यस्तो अवस्थामा पनि स्थानीय स्तरमा क्रियाशिल राजनैतिकदलहरुको सकारात्मक तथा सहभागितात्मक सोचका कारणबाट नगरपालिकाको कार्य सम्पादन स्तर सुधार भैरहेको ब्योहोरा उपस्थित मान्यजनहरुप्रति अबगत गरउन चाहान्छु । पाख्रीबास नगरपालिकाको आ.ब. ०७४/०७५ को बार्षिक नगर बिकास योजना तर्जुमा गर्ने क्रममा स्थानीय स्वायत्त शासन ऐन ,२०५५ तथा नियमावली, २०५६,नगरपालिकाको बार्षिक योजना तर्जुमा कार्यबिधि,२०६८ र स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि,२०६९ मा गरिएको ब्यबस्थाको पालनालाई बिशेष ध्यान दिई योजना तर्जुमाका संम्पूर्ण चरणहरु अवलम्वन गर्ने प्रयास गरिएको कुरा म यहाँहरू समक्ष निबेदन गर्न चाहान्छु । त्यसैगरी नेपाल सरकारका बिभिन्न क्षेत्रगत नीतिहरु , राष्ट्रिय योजना आयोग र बिषयगत मन्त्रालयबाट प्राप्त मार्गदर्शन,चालु आवधिक योजना,नगर यातायात गुरुयोजना,जिल्ला बिकास समिति धनकुटाबाट प्राप्त मार्गदर्शन तथा प्रचलित ऐन नियम समेतलाई आधार मानिएको ब्योहोरा अवगत गराउन चाहान्छु ।

सहभागितामुलक योजना तर्जुमा प्रकृयाको माध्यमबाट स्थानीय बिभिन्न टोल बस्ती संगठनहरु,नागरिक सचेतना केन्द्रहरु, वडा नागरिक मञ्चचहरु,बिभिन्न बिषयगत समितिहरु,लक्षित समुहहरु,राजनैतिक दलहरु,बिषयगतसरकारी कार्यालयहरु तथा गैर सरकारी संघ संस्थाहरु,नागरिक समाज,बुद्धीजिबिवर्ग लगायतबाट प्राप्त सुझाब,वडा स्तरीय भेलाबाट आएका योजना प्राथमिकिकरण,एकिकृत योजनातर्जुमा समितिको सिफारिस आदि समेतलाई ध्यान दिई नगरपालिका बोर्ड बैठकबाट सिफारिस भई पौष २७ ,२०७३ को नगर परिषद बैठकबाट आ.ब. २०७४/०७५ को नीति, बजेट तथा कार्यक्रम स्विकृत गरिएको छ ।

**अब म नगरपालिकामा देखिएका केहि समस्या चुनौति तथा प्रचुर संभाव्यताहरुको सम्बन्धमा संक्षिप्त भनाई राख्न चाहान्छु ।**

नेपाल सरकार मन्त्री परिषदको मिति २०७१ मंसिर १६ गते साबिक पाँचवटा गा.बि.स.हरू सान्ने,पाखीवास,घोर्लिखर्क,फलाँटे र मुगालाई मिलाएरपाखीबास नगरपालिका घोषणा भए पश्चात यस नगरपालिकाको क्षेत्रफल ११७.८ वर्ग कि.मि. र सन २०११ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या १७९४९ ,घरधूरी संख्या ४०१९ रहेको छ।

**प्रमुख समस्याहरू**

१. न्यून तथा कम्जोर सामाजिक तथा भौतिक पूर्वाधारहरू ।

२.संख्यात्मक तथा गुणात्मक रुपमा कमजोर सामुदायिक सामाजिक संघसंस्थाहरु ।

३.संख्यात्मक तथा गुणात्मक जनशक्तिको अभाब ।

४.अति न्यून आन्तरिक आय-चालु खर्च समेत धान्न नसक्नु ।

५.कार्यालय भवन, भौतिक साधन तथा उपकरणहरू,आवश्यककार्यबिधि,मापदण्ड निर्देशिका निर्माण हुन बाँकी ।

६. न्यून उत्पादन,न्यून आय,बेरोजगारी,गरिबी ।

**संभाब्यता :**

१.मुलुक संघीय व्यवस्थामा प्रबेश गरिसकेको र यो नगरपालिका पनि स्थानीय निकायबाट स्थानीय सरकारको रूपमा सिफारिस भैसकेको,नेपालको संबिधान २०७२ द्वारा प्रदत्त अधिकार तथा तिनको प्रयोग तथा जनप्रतिनिधिको बहाली पश्चात यस क्षेत्रको द्रुत्ततर बिकास हुनेमा म पूर्ण आशावादी छु ।

२.हाल स्थानीय तह राज्य पूर्नसंरचना आयोगबाट चुङ्गवाङ्ग गा.बि.स.समेत समाबेस गरी पाखीबास न.पा.को रूपमा सिफारिस भएको हुँदा यस क्षेत्रमा ठूलो भूगोल कायम हुन आएको र अधिकांश भू-भाग बन जंगल भिर पाखा , ऐलानी तथा सार्वजनिक जग्गा , अरूण नदी लगायत बिभिन्न खोलाहरू रहेका, प्रचुर मात्रामा प्राकृतिक श्रोत साधनहरू रहेको , भू-उपयोग योजनाको माध्यम द्वारा कृषि तथा पशुपालन र पर्यटन उद्योगलाई पहिलो प्राथमिकतामा राखी एकीकृत बस्ती बिकासको लागि योजनाबद्द भौतिक बिकासका कार्यक्रमहरू संचालन गरी द्रुत्ततर बिकास गर्न सकिने ।

३.हाल प्रधानमन्त्री कृषि परियोजना अन्तर्गत यो क्षेत्र मकैको BLACKarea को रूपमा घोषित भएको छ, यस परियोजनाको माध्यमबाट यहाँको कृषि क्षेत्र लगायत चिया,फलफूल,मौरीपालन तथा पशुपालन लगायत अन्य विभिन्न उद्यमहरूको सम्भाब्यतालाई पनि सकारात्मक प्रभाव पार्नेमा म आशावादी छु ।

४.हिले-भोजपुर मध्यपहाडी लोकमार्ग अन्तर्गत यो नगरपालिका भोजपुर तथा संखुवासभाको मुख्य प्रबेश मार्गको रुपमा रहेको छ, शान्त तथा शुरक्षित Home Stay,view points, picnic spots लगायत पर्यटन सम्बन्धि बिबिध गतिबिधिको माध्यमबाटयस क्षेत्रको द्रुततर बिकासको प्रबल संभाबना देखिन्छ ।

५. फोहोर ब्यबस्थापनका सम्बन्धमा : नगर क्षेत्रको पहिलो प्राथमिकता सुन्दर र स्वच्छ नगर नै हो, यस नगरपालिका भित्र ल्याण्डफिल्ड साइड निर्माणका लागि आवश्यक क्षेत्रहरुको पहिचान समेत भई सकेको हुँदा फोहोर व्यवस्थापनका लागि दिगो रुपमा काम गर्न सक्ने संभावना देखिन्छ ।

६.*पाख्रबास* कृषि अनुसन्धान परिषद,जालपादेवी प्राबिधिक शिक्षालय जस्ता संस्थाहरू यस क्षेत्रका अबसर तथा पहिचान पनि हुन ।

७.शहरी बिकास तथा भौतिक योजना मन्त्रालयबाट पाख्रीबास न.पा.लगायत नयाँ ४० न.पा.हरुको Master Plan निर्माणको तयारी ।

८.आन्तरिक आयबृद्धि सम्बन्धमा एकिकृत सम्पत्ति कर, घरनक्सा दस्तुर ,ब्याबसायिक दस्तुर आदिलाई पूर्ण ब्यबस्थित गरी बिषेश प्राथमिकताका साथ अभियानका रुपमा कार्यक्रमहरु सञ्चालन गर्न सकेमा यस नगरको आन्तरिक आयमा ब्यापक बृद्दि हुने प्रचुर संभावना देखिन्छ ।

९.धनकुटा जिबिस तथा धनकुटा न.पा. न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) मा निरन्तर रुपमा पुरस्कृत हुदै आइरहेको सन्दर्भमा यस पाख्रीबास न.पा.को कार्य सम्पादनको स्तरमा सुधारकोलागि धनकुटा जिविस र धनकुटा नगरपालिका सँगको सुमधुर सम्बन्ध र सहकार्यलाई महत्वपूर्ण अवसरको रुपमा लिइएको छ ।

**आदरणीय प्रमुख अतिथिज्यू,बिशेष अतिथिज्यू तथा अतिथिज्यूहरु**

यस नगरपालिकाको बिभिन्न वडाहरुबाट छनौट भई आएका बिभिन्न बिषय र क्षेत्रहरुका योजनाहरू यथाशक्य समेट्ने प्रयास गरिएको छ ।ती मध्ये यस नगर पालिकाका आम नागरिकहरुको माग र चाहना अनुसार सडकहरुको बिकास निर्माण एवं मर्मतको लागि केहि बढी बजेट बाँडफाट गरिएको छ ।यस नगर तथा जिल्लाकै महत्वपूर्ण सार्बजनिक निर्माण कार्य सम्बन्धि आयोजनाहरु छनौट गरी जिल्ला स्तरीय एवं केन्द्रीय आयोजनाहरुमा समाबेश गर्न नगरपालिकाको आबधिक योजना निर्माण गरीकार्यान्वयनमा सम्बन्धित सबै सँग समन्वय र सहकार्य गरी उद्देश्य र लक्ष्यमा पुग्ने प्रयास गरिने छ

। बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा महत्वपूर्ण मार्ग निर्देशन गर्नुहुने राजनैतिक  दलका प्रतिनिधि पदाधिकारी ज्यूहरू, बिषयगत कार्यालय ,सरकारी एवं गैरसरकारी संस्था निकाय तथा आम नगरबासिहरुमा बिषेश धन्यबाद ज्ञापन गर्न चाहान्छु ।त्यसैगरी बजेट तर्जुमामा सहयोग गर्ने मेरा सहयोगी कर्मचारी साथीहरूलाई पनि धन्यबाद ब्यक्त गर्दछु ।

**आदरणी महानुभावहरु**

अब म आगामी आर्थिक वर्षमा पाखीवास नगरपालिकाले नगरविकासका लागि अबलम्वन गर्ने क्षेत्रगत नीतिको बारेमा संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।

## रोजगारी तथा गरिवि निवारण

क) पाखीवास नगरपालिका क्षेत्र भित्र रहेका अति विपन्न परिवारको पहिचान र अबस्था बिष्लेषण गरी उक्त बस्तीहरुमा टोल बस्ती संगठनको गठन गरी उनिहरुको निर्णय र सिफारिसका आधारमा गरिवि न्युनिकरणका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

ख)नगर क्षेत्र भित्र बसोबास गर्ने आर्थिक रुपले विपन्न समुदायका ब्यक्तिहरुलाई स्वरोजगारतर्फ उन्मुख गराउन घरेलु तथा साना उद्योग कार्यालय र अन्य शीप तथा ब्यबसाय प्रबर्दन गर्ने निकायहरुसँग आवस्यक समन्वय र सहकार्य गरी बिभिन्न शीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्दै विपन्न समुदायको आयआर्जनमा सहयोग पुर्याउने नीति लिइनेछ ।

# शहरी ढाँचा तथा पूर्बाधार विकास

क) पूर्बाधार विकासमा विशेषगरि सडकहरु निर्माण र मर्मत गर्दा नगर यातायात गुरुयोजनाले प्रथमिकता तोकेका सडकहरुलाई बाहैं महिना सवारी साधनहरु सञ्चालन हुने गरि सडकहरुको स्तरोन्नती गर्ने नीति अबलम्वन गरिनेछ ।

ख) पाखीवास नगरपालिका कार्यालयले सञ्चालन गर्ने पूर्वाधार विकासका आयोजना तथा कार्यक्रमहरुलाई थप पारदर्शि बनाउनको लागि आयोजना सञ्चालन पूर्व, सञ्चलनको क्रमका र सम्पन्न पश्चात तीन चरणका तस्वीर तथा अनुगमनलाई प्राथमिकता दिइनेछ ।

ग) ५ लाख वा सो भन्दा माथिका आयोजना तथा कार्यक्रमको तिनै चरणका तस्वीरहरुको इलेक्ट्रोनिक प्रति (E-Copy) राखिने छ ।

घ) राज्यको पुनःसंरचना पश्चात गाभिने वडाहरुलाई शहरी तथा प्रशासनिक सुगमतामा सहजता ल्याइ सेवा उपलब्ध गराउन बिशेष नीति अबलम्बन गरिनेछ ।

ङ) पाखीवास नगरक्षेत्रभित्र निर्माण हुने घर तथा संरचनाहरुलाई ब्यबस्थापन गर्न घर नक्सा पास कार्यबिधि २०७२ र भवन निर्माण मापदण्डलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।

च) सडकहरुको मर्मत सुधार तथा स्तरोन्नती कार्य गर्न नगर स्तरीय वार्षिक सडक मर्मत योजना निर्माण गरि लागु गर्ने नीति लिइनेछ ।

छ) सडकहरुको चौडाइलाई राष्ट्रिय नीतिमा निर्दिष्ट गरे बमोजिम ब्यवस्थित गर्न लगत कट्टा गर्ने कार्यको थालनी गरिनेछ ।

ज) नियम विपरित र सार्वजनिक स्थल मिचेर बनाइएका संरचनाहरुलाई हटाउने नीतिलाई काडाइका साथ लागु गरिनेछ । सार्वजनिक बाटोमा रखिएका बन उपजहरु हटउने र त्यस्तो बस्तु हटाउँदा लागेको खर्च सम्बन्धित ब्यक्तिबाट असुल उपर गर्ने नीति अबलम्बन गरिनेछ ।

झ) सार्वजनिक निर्माणका कार्यहरुमा उपभोक्ता समितिहरुवाट गरिने निर्माण कार्यलाई अझ गुणस्तरीय बनाउन उपभोक्ता समिति गठन र सञ्चालन सम्बन्धि स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि,२०६९ मा भएको ब्यबस्थालाई कडाइका साथ पालना गरिनेछ ।

ञ) पाख्रीवास नगर क्षेत्रको मुटुको रुपमा रहेको पाख्रीवास बजारका साथै सान्नेडाँडा,डिकुरे,फलाँटे बजार,मुगाका साथै भोजपुर जिल्ला सँग सिमाना जोडिएको सुनवालुवा,अँधेरीघाट,माङ्गमाया तथा पर्यटकीय क्षेत्रका रुपमा पहिचान गरिएका राम्चेडाँडा,थामडाँडा, जस्ता क्षेत्रहरुमा सौर्य उर्जावाट बत्ति ब्यबस्थापन गरी उज्यालो नगरविकास कार्यलाई प्राथमिकतामा राखि कार्यान्वयनको नीति लिइनेछ ।

# कृषि,बन,वातावरण तथा सरसफाई

क) बिषादीयुक्त कृषि उत्पादनलाई निरुत्साहित गर्दै अर्गानिक व्यवसायिक कृषि प्रबर्दनमा जोड दिइनेछ ।

ख) नगरक्षेत्र भित्र रहेका सामुदायिक बन,कबुलियति बन,धार्मिक बन र नीजि वन क्षेत्रहरुको संरक्षण,पार्क तथा पिकनिक स्पोर्ट निर्माण र बन क्षेत्रसँग सम्बन्धित गरिब तथा विपन्न वर्गका उपभोक्ताहरुको आय आर्जनका कुयाकलापहरु सञ्चालन गर्न जिल्ला बन कार्यालय र सामुदायिक बन उपभोक्ता महासंघ धनकुटा सँग आबस्यक समन्वय र सहकार्य गरिनेछ ।

ग) संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट जारी भएको वातावरण मैत्री स्थानीय शासन प्रारुप-२०७० लाई क्रमाशः कार्यान्वयनमा ल्याइनेछ ।

घ) नगरमा बृक्षरोपण,बनजंगल संरक्षण तथा शहरी शौन्दर्यताकालागि सामुदायिक वन उपभोक्ता समूहहरुसंग आबस्यक सहकार्य अगाडि बढाइनेछ ।

ङ) पाख्रीवास नगरपालिकालाई घरभित्रको धुँवा रहित क्षेत्र बनाउने दिशामा अघि बढ्न नीजि तथा गैर सरकारी संस्थाहरुसंग आवस्यक समन्वय गरिनेछ ।

च) पाख्रीवास नगरपालिका खुल्ला दीसामुक्त,पूर्णखोप शुनिस्चित घोषणा भइ कार्यान्वयनमा समेत आइसकेको सन्दर्भमा यस कार्यलाई निरन्तरता दिन नगर स्तरीय खानेपानी तथा सरसफाइ समिति निर्माण गरि क्रियाशिल बनाउन जोड दिइनेछ ।

## सामाजिक विकास तथा लक्षित वर्ग विकास कार्यक्रम

क) अनिवार्य आधारभूत शिक्षाका लागि सामाजिक परिचालन कार्यक्रमका माध्यमवाट पाख्रीवास नगर क्षेत्रभित्रका बिद्यालय सेवा क्षेत्रभित्रका बिद्यालय उमेर समूहका शत प्रतिशत बालबालिकाहरु बिद्यालय भर्ना गर्ने कार्यलाई अगाडि बडाइनेछ ।

ख) नगरको धार्मिक,साँस्कृतिक र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्दनमा जोड दिइनेछ ।

ग) पाखीवास नगर क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन गर्दै वाँहाहरुको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

घ) लक्षित समूह विकास कार्यक्रमहरुलाई प्राथमिकताकासाथ प्रभाबकारी कार्यान्वयनको ब्यबस्था मिलाइनेछ ।

ङ) लक्षित समूह विकास कार्यक्रम अन्तर्गत महिला बिरुद्दको लैङ्गीक तथा घरेलु हिंसा,महिला हकहित संरक्षण तथा शीप विकास कार्यक्रम,मनोसामाजिक बिमर्श कार्यक्रम,गृहिणी महिलाको लागि वातावरण मैत्रि सचेतना कार्यक्रम जस्ता बिभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

च) बालमैत्री नगर घोषणा गर्न आबस्यक पूर्बाधार विकास गर्दै आधारभूत चार अधिकारहरु बाल बचावट,बाल संरक्षण,बाल विकास र बाल सहभागिता जस्ता आधारभूत अधिकारहरुको सुनिस्चितता गर्न बिभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

छ) जेष्ठ नागरिक मिलन चौतारी,देश दर्शन अबलोकन भ्रमण जस्ता कार्यक्रमहरुलाई प्रथमिकतामा राखि नगरपालिका र अन्य सरोकारवाला निकायहरु समेतको सहभागिता जुटाइ कार्यान्वयनमा ल्याइनेछ ।

ज) युवा तथा खेलकुद विकासका लागि खेलकुद सँग सम्बन्धित संस्थाहरुलाइ क्रियाशील गर्दै खेलकुदलाई आन्तरिक पर्यटन प्रबर्धन विकाससँग जोडि पर्यटन विकासमा समेत जोड दिइनेछ ।

झ) नेपाल सरकारको निजामति सेवामा प्रवेश गर्न चाहाने आदिवासी जनजाति,दलित,भिन्न क्षमता भएका ब्यक्तिहरुको क्षमता विकासका लागि लोकसेवा तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

ञ) पाखीवास नगरपालिका पूर्ण साक्षर नगर घोषणा भइ सकेकोले सवै नगरवासीहरुलाई साक्षर नगर वनाउने नीति लिइनेछ ।

ट) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतीका लागि विकास साझेदारहरुसँग समन्वय गरि स्रोतको व्यवस्थापन गरिने छ ।

## संगठन तथा प्रशासन

क) कार्य विवरण तथा मुल्याङ्कन सूचकका आधारमा बार्षिक रुपमा सर्बोत्कृष्ट कार्यसम्पादन गर्ने नगरपालिका कर्मचारी र सामाजिक परिचालक समेतलाई नगद सहित पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ख) पाखीवास नगरपालिकामा निर्माण हुने आवासीय भवनहरु भूकम्प प्रतिरोधि बनाउन भवन निर्माणमा संलग्न दक्ष/अदक्ष निर्माणकर्मीहरुलाई तालिम सञ्चालन गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय सँग आवस्यक समन्वय गरिनेछ ।

ग) नगरपालिकाको आन्तरिक आय वृद्धि सँगै कर्मचारी पदपुर्ती प्रक्रियलाई पनि नियमानुसार अगाडि बढाउदै लगिने छ ।

घ) समग्र नगर विकासका गतिबिधि विपद् ब्यबस्थापनसँग सम्बन्धित विषयका प्रचारप्रसार र प्रबर्दनका क्षेत्रमा वा नगरमा क्रियाशील सञ्चारकर्मीलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।

ङ) पाखीवास नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी र सामाजिक परिचालकहरुको समयानुकुल आधुनिक प्रबिधिमा दक्षता अभिबृद्दि गर्न बिभिन्न तालिमहरु प्रदान गरिनेछ ।

च) आयोजना कार्यक्रमहरु सञ्चालन गर्दा पारदर्शिताकालागि सबै कार्यक्रमहरुको सार्वजनिक परीक्षण एवं केहि कार्यक्रमको प्रभाबकारिता मापन बिधिलाई नमुनाको रुपमा थलनी गरिनेछ ।

## नगर सुशासन

क) सेवाग्राहीहरुको गुनासोलाई प्राथमिकतामा राखि नगरपालिका कार्यालयमा नागरिक सम्बन्ध भएका कार्यकक्षहरुमा सिसिटिभि जडान गरी आन्तरिक सुशासन कायम गर्ने नीति लिइनेछ ।

ख) नगर क्षेत्रको शहरी सुशासनमा प्रभावकारीता ल्याउन सडकमा जथाभावि छोडिएका सामुदायिक पशुपंक्षी,सडक क्षेत्रमा अबरोध पुग्नेगरी राखिएका पसलहरु,निर्माण सामग्रीहरु,नियन्त्रणमा लिने कामलाई नेपाल प्रहरीसँग समन्वय गरी कडाइका साथ लागु गरिनेछ ।

ग) नगरपालिकाको क्रियाकलापहरुलाई पारदर्शी,जवाफदेही र मितब्ययी वनाउन सार्वजनिक सुनुवाइ,सामाजिक परीक्षण,खर्च सार्वजनिकीकरण जस्ता बिधि र प्रक्रियाहरुको अबलम्बन गरिनेछ ।

घ) सार्वजनिक खरिदलाई थप पारदर्शी बनाउन E-Submissionपद्दतिलाई शुरु गरिनेछ ।

ङ) नगर विकास सम्वन्धि क्रियाकलाप,सूचना एवं जानकारीहरुलाई Website मार्फतसार्वजनीक गरिनेछ ।

च) सेवाग्राहीहरुलाई सुशासनको प्रत्याभुति दिलाउन नागरिक वडा पत्रमा समय सापेक्ष परिवर्तन गरि सो का आधारमा सेवा प्रबाह गरिनेछ ।

छ) सामाजिक सुरक्षा भत्ता बितरण प्रणालीलाई पारदर्शी बनाउन वडा नागरिक मञ्च,नागरिक सचेतना केन्द्रलाई सक्रिय बनाई पाख्रीवास नगरपालिका कार्यालयमा कार्यरत सामाजिक परिचालकहरु मार्फत सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्तिहरुको विवरण सार्वजनिक गर्ने र अध्याबधिक गर्ने ब्यबस्था प्रभाबकारी रुपमा लागु गरिनेछ ।

## राजश्व सुदृढिकरण

क) पाख्रीवास नगरपालिकाको राजश्व ब्यबस्थालाई अझ सुदृढ र संस्थागत बनाउन राजश्व सम्भाब्यता अध्ययन गरिनेछ ।

ख) एकिकृत सम्पत्ति करका माध्यमवाट नगरपालिकाको आन्तरिक आय बृद्दी गरिनेछ ।

ग) करदाता मैत्री वातावरण सिर्जना गर्न करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

घ) आन्तरिक आय अभिबृद्दि गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने करदाताहरु मध्येवाट छनौट गरी पुरस्कृत गर्ने कार्यको थालनी गरिनेछ ।

ङ) नगर क्षेत्रमा छरिएर रहेका विभिन्न व्यवसायहरुलाई करको दायरामा ल्याउने नीति अवलम्वन गरिनेछ ।

## पर्यटन विकास

क) पाख्रीवास नगरपालिकाका ऐतिहासिक,धार्मिक,साँस्कृतिक तथा प्राकृतिक महत्वका हिसाबले प्रचुर पर्यटकीय सम्बावना भएका क्षेत्रहरुको रुपमा रहेको हुँदा यस क्षेत्रवाट अधिकतम फाइदा लिन पर्यटन विकासका सम्पूर्ण आयामहरु समेटी एकीकृत पर्यटन गुरु योजना निर्माण गरिनेछ ।

ख) पाखीवास नगर क्षेत्रका राम्चेडाँडा,जौटार,थामडाँडा,तिनदोभाने सिमसार,तिनतलेढुङ्गा,झप्टेढाँड,टोपाखानी गुफा,सान्धारा,डिकुरेगढी,भुल्केदेवि सीमसार,जलदेवि,सुनबालुवा,रुदुवा भिर,टिम्बुरे सीमसार,भोगटेनी सिमसार,भीमढुङ्गा,टुनीडाँडा,गजेगढी,बैशाखेडाँडा,बज्नेभीर,मार्गादिवि सिमसार ,चुलिढुङ्गा,अँधेरीघाट जस्ता क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी आन्तरिक र बाह्य पर्यटन प्रबर्दनमा जोड दिइनेछ ।

**उपस्थित आदरणीय महानुभावहरु,**

अब म आगामी आर्थिक वर्षको आय व्यय योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण पेश गर्दछु ।

## १ आन्तरिक आय

| क्र.स. | आय शिर्षक | अनुमानित आय | मुख्य क्षेत्र |
|---|---|---|---|
| १. | स्थानीय कर | २८,५००००।०० | IPT,ब्याबसाय कर,बहाल कर,बिटौरी,बिज्ञापन कर,मनोरंजन |
| २. | सेवा शुल्क | २,०००००।०० | सवारी पार्किङ,हटिया,सरसफाई |
| ३. | दस्तुर | १७,०००००।०० | दर्ता तथा नबिकरण,नाता प्रमाणित,नक्सा पास,सिफारिस लगायात अन्य |
| ४. | अन्य आय | १,५००००।०० | |
| | **कुल आन्तरिक आय** | **४९,०००००।००** | |

## २.कुल आयको बिबरण

| क्र. स. | आय शिर्षक | रकम |
|---|---|---|
| १ | निशर्त अनुदान (चालु) | ४५,१०,०००।०० |
| २ | निशर्त अनुदान (पुँजिगत) | २,६१,२२,०००।०० |
| ३ | सशर्त अनुदान (पुँजिगत) ठूला पर्वाधार | १,००,००,०००।०० |
| ४ | सशर्त अनुदान (पुँजिगत) नगर क्षेत्र पूर्वाधार कार्यक्रम | १,६४,०३,०००।०० |
| ५ | सडक बोर्ड नेपाल | ४५,००,०००।०० |
| ६ | राजश्व बाडफाड | १५,००,०००।०० |
| ७ | सहभागितामा आधारित सडक सौर्य वत्ति | ७,००,०००।०० |

| | | |
|---|---|---|
| ८ | एलजिसिडिपि कार्यक्रम | २५,००,०००।०० |
| ९ | सामाजिक सुरक्षा | ३,५०,००,०००।०० |
| | आन्तरिक आय | ४९,००,०००।०० |
| १० | **जम्मा आय** | **१०,२८,४३,०००।००** |

## ३. चालु खर्चको सारांस

| क.स. | खर्च शिर्षक | बजेट रकम | मुख्य खर्च |
|---|---|---|---|
| १ | उपभोग खर्च (नेपाल सरकार र आन्तरिक आय) | ४४,२४,०००।०० | तलब,भत्ता,कर्मचारि कल्याण कोष,बिमा ,पोसाक आदि |
| २ | कार्यलय संचालन र सेवा खर्च (नेपाल सरकार र आन्तरिक आय) | ४१,५१,५००।०० | सरसफाई खर्च,इन्धन,पानी,बत्ति संचार,पुरस्कार,मर्मत संभार र अन्य बिबिध |
| ३ | सामाजिक शुरक्षा अनुदान (नेपाल सरकार ) | ३,५०,००,०००।०० | जेष्ठनागरिक भत्ता,स्वास्थ्य उपचार,एकल,महिला,बिपन्न दलित बालबालिका |
| ४ | सेवा खर्च | | LGCDP,सडक बत्ति,भ्रमण खर्च |
| ५ | ब्याज भूक्तानी | | ऋणको ब्याज |
| ६ | फिर्ता खर्च | | धरौटी |
| ७ | जम्मा | ४,३५,७५,५००/- | |

## ४. पूँजीगत खर्चको सारांस :

| क.सं. | योजनाको क्षेत्र | कार्यक्रम संख्या | प्रस्ताबित बजेट | मुख्य कार्यक्रमहरू |
|---|---|---|---|---|
| १ | सामाजिक आर्थिक पूर्बाधार बिकासकार्यक्रम | १५ | ७५,००,०००।०० | भवन,खानेपानी,सडक स्तोरन्ती, |
| २ | बालबालिका लक्षित कार्यक्रम | ३४ | १६,५२,३६४।०० | चेतनामूलक,संस्थागत बिकास, |
| ३ | महिला बिकास लक्षित कार्यक्रम | २६ | १६,५२,३६४।०० | जनचेतनामुलक,आय आर्जन,सीप बिकास,भौतिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | बिकास,स्वास्थ्य,शिक्षा,मर्मत सुधार,खानेपानि तथासंस्थागत बिकास |
| ४ | आदिवासीजनजाति,दलित,ज्येश्ठ नागरिक,अपाङ्ग तथा अन्य पीछडिएको बर्ग | ५६ | २४,७८,५४५।०० | जनचेतना,मुलक,आयआर्जन,सीपबिकास, स्वास्थ्य,शिक्षा,मर्मत सुधार,संस्थागत बिकास, |
| ५ | प्रबर्द्वनात्मक कार्यक्रम | ४४ | ३२४०३६६ | वातावरणतथा सरसफाई,सानातिना भौतिक बिकास,खेलकुद,प्रबर्धन,मर्मत सुधार,संघ संस्था संचालन गरिने कार्यक्रम |
| | जम्मा | १७५ | १,६५,२३,६३९।० | |
| ६ | समपुरककोष रकम | | ८००००००।० | |
| ७ | प्राकृतिक पकोप कोष १% | | १८१२२०।०० | |
| ८ | मर्मत संभार कोष ५ % | | ९०६१००।०० | |
| ९ | आयोजना व्यवस्थापन खर्च ३ % | | ५११०४१।०० | |
| | जम्मा निशर्त पुँजिगत अनुदान | | २६१२२०००।० | |

**उपस्थित महानुभावहरू,**

नगरबासिहरुको बढदो आकांक्षा र आबस्यकतालाई परिपुर्ति गर्न यो बजेट पर्याप्तनभएतापनि बजेट तथा कार्यक्रमलाई यथा संभव जनमुखी,समावेसी,परिणाममुखी बनाउने प्रयास गरिएको छ । साधन श्रोतको सिमितताले नगरबासिको कतिपय जल्दाबल्दा मागलाई समेट्न नसकिएकोमा दुःख ब्यक्त गर्दै त्यस्ता अपुरा मागहरुलाई आगामी योजनाहरूमा समेट्ने प्रतिबद्धता समेत ब्यक्त गर्न चाहान्छु ।

अन्त्यमा आफ्नो व्यस्त समयको वावजुद पनि हाम्रो अनुरोधलाई स्वीकार गरी प्रमुख आतिथ्यता ग्रहण गरी यस कसर्यक्रमको गरिमा बढाउनुका साथै नगरको समग्र बिकासमा प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुर्याउनुहुने प्रमुख अतिथिप्रमुख जिल्ला अधिकारी श्री प्रेमप्रकाश उप्रेतीज्यु,विशेष अतिथि स्थानीय विकास अधिकारी श्री पर्वप्रसाद साप्कोटा ज्यु, धनकुटा नगरपलिका कार्यालयका कार्यकारी अधिकृत श्री तीर्थ प्रसाद घिताल ज्यू, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्युहरु,सुरक्षा निकायका प्रमुख ज्यु, विषयगत कार्यालयका प्रमुख ज्युहरु,गैर सरकारी एवं निजी क्षेत्रका संघ संस्थाका प्रमुख ज्युहरु,नागरिक समाजका प्रमुख व्यक्तित्वहरु,पुर्व जनप्रतिनिधिहरु ,विभिन्न विषयगत समितिका पदाधिकारी ज्युहरु,वडा नागरिक मञ्चका संयोजक ज्युहरु,नागरिक सचेतना केन्द्रका संयोजक ज्युहरु,सञ्चारकर्मी

मित्रहरु,पाखीवास नगरपालिका कार्यालयका सम्पुर्ण कर्मचारी तथा सामाजिक परिचालक मित्रहरु लगायत नगरवासी सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**धन्यवाद !**

पुरुषोत्तम घिमिरे
प्रमुख तथा कार्यकारी अधिकृत
पाखीवास नगरपालिका

निर्णय नं. २ चालु तथा पुँजिगत तर्फ आ.ब चालु आ.ब. २०७३।०७४ को संशोधित आय तथा व्यय सहित परिमार्जित योजना कार्यक्रम बजेट र आगमि आ.ब. २०७४।०७५ को प्रस्तावित आय र व्यय सहित देहाय वमोजिमको योजना कार्यक्रम तथा वजेट विवरणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

पूर्वाधार विकास समिति

आ.ब. २०७४।०७५ कोलागि प्रस्तावित आयोजना तथा कार्यक्रमहरु

| क.स. | योजनाकोनाम | वडानं | टोलवस्ती | नगरपालिकावाटविनियोजित रकम |
|---|---|---|---|---|
| १ | पाटनदेवि,देविथान,पुरानोगल्ली हुँदै पुछारको चौतारादेखि माङमाया ओखेखोला लेगुवा लाटेभञ्याङ्ग सडक | १ | तल्लोसान्ने | ५००००० |
| २ | सिँजालिबरचौतारा स्वास्थ्य चौकी ढाँडेकुलोमुनी सडक | २ | गैरीटोल | ५००००० |
| ३ | पाखीवास,पञ्चकन्यातालुखर्क धुलपुजे सडक | ३ | रमिते,ओखे | ५००००० |
| ४ | टुप्पीडाँडागाल्पारा सडक | ४ | टुप्पीडाँडा | ५००००० |
| ५ | केवि खोला, मुगाखोला जिरो प्वोइन्ट स्तररोन्नती ( जिरोप्वइन्टकेवीखोला सिंहदेवी चौक सम्म ) | ५ | केविखोला मुगाखोला | ५००००० |
| ६ | पाखीवास पञ्चकन्य कसेनी पञ्चकन्या ( माझगाँउ, सुर्के चुलिढुंगाखण्ड) | ६ | माझगाउँ | ५००००० |
| ७ | लयागु फावाखोला दियाले अँधेरीघाट सडक (सोलिङ्ग, नाली ढल निर्माण) | ७ | लयागु | ५००००० |
| ८ | दियाले खोलाखर्क ग्रामिण सडक स्तरोन्नती | ८ | खोलाखर्क | ५००००० |
| ९ | फावा सान्ने ग्रामीण सडक निर्माण | ९ | गुराँसे | ५००००० |
| १० | गाउँघरखोप केन्द्र भवन निर्माण | १० | डाँडाखर्क | ५००००० |
| ११ | बर्खेसिद्द भन्ज्याङ्ग सडक | ११ | सिद्दभन्ज्याङ्ग | ५००००० |
| १२ | चिसापानीसिम्ले फलाटेबजार परियार टोल तिनदोभाने सडक | १२ | परियारटोल तिनदोभाने | ५००००० |
| १३ | गैयाँथानजईलदेवि भुँवरे,थाक्ले देउराली ग्रामिण सडक स्तरोन्नती | १३ | थाक्ले, देउराली | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| १४ | खत्रीडाँडाभण्डारीगाउँ घामे सडक | १४ | भण्डारीगाउँ | ५०००० |
| १५ | फुरामाङ्गथानकार्कीडाँडा सडक | १५ | राईगाउँ | ५०००० |
| | | | जम्मा | ७५००००० |

प्रवर्द्धनात्मक कार्यक्रम

| क.स. | योजनाको नाम | वडा नं | टोल वस्ती | नगरपालिकावाटविनियोजित रकम |
|---|---|---|---|---|
| १ | अन्तिमलेखा परिक्षण | नपा | नपास्यरिय | १०००००.०० |
| २ | पुरुस्कारतथा सम्मान कार्यक्रम | नपा | नपास्यरिय | ५००००.०० |
| ३ | राष्ट्रियपर्व दिवस कार्यक्रम | नपा | नपास्यरिय | ५००००.०० |
| ४ | अध्ययनअवलोकन भ्रमण | नपा | नपास्यरिय | २०००००.०० |
| ५ | अतिथिसत्कार कार्यक्रम | नपा | नपास्यरिय | ५००००.०० |
| ६ | परिषदसंचालन खर्च | नपा | नपास्यरिय | २०००००.०० |
| ७ | सुशासन (सिसि क्यामेरा व्यवस्थापन) विनियम, कार्यविधि निर्देशिका | नपा | नपास्तरिय | १०००००.०० |
| ८ | सार्वजनिक जग्गा संरक्षण | नपा | नपास्तरिय | ५००००.०० |
| ९ | सामाजिक परिक्षण | नपा | नपास्तरिय | १०००००.०० |
| १० | कर्मचारी क्षमता विकास | नपा | नपास्तरिय | २०००००.०० |
| ११ | खेलकुद कार्यक्रम | नपा | नपास्तरिय | ८००००.०० |
| १२ | जेसी अडिट | नपा | नपास्तरिय | ५००००.०० |
| १३ | भाषासाहित्य कला प्रवर्द्वन कार्यक्रम | नपा | नपास्तरिय | २५०००.०० |
| १४ | राजश्व संभव्यता अध्ययन | नपा | नपास्तरिय | १०००००.०० |
| १५ | मेलमिलाप सेवा समाज नगरस्तरीय | नपा | नपास्तरिय | ५००००.०० |
| १६ | विपदव्यवस्थापन कार्यविधि निर्माण | नपा | नपास्तरिय | १०००००.०० |
| १७ | फर्निचर रफिक्चर आदि | नपा | नपास्तरिय | ७५०००.०० |
| १८ | कम्प्यूटर, प्रिन्टर खरिद | नपा | नपास्तरिय | ७००००.०० |
| १९ | सार्वजनिकसुनुवाई कार्यक्रम | नपा | नपास्तरिय | ५००००.०० |

| | | | | |
|---|---|---|---|---|
| २० | पुस्तकप्रकाशन (नगर वर्षिक , अन्य पुस्तक आदि) | नपा | नपास्तरिय | १५००००.०० |
| २१ | भुकम्पजोखिम न्यूनिकरण पूर्व तयारी तथा तालिम | नपा | नपास्तरिय | ५००००.०० |
| २२ | व्यक्तिगतघट्ना दर्ता व्यवस्थापन | नपा | नपास्तरिय | ५००००.०० |
| २३ | मासु पसलसंचालन तथा व्यवस्थापन मापदण्ड निर्देशिका | नपा | नपास्तरिय | ५००००.०० |
| २४ | न.पा.बोर्डको सदस्यहरुको आचर संहिता तर्जुमा | नपा | नपास्तरिय | ३००००.०० |
| २५ | कर्मचारीकल्याणकोष संचालन निर्देशिका | नपा | नपास्तरिय | ४००००.०० |
| २६ | कर्मचारीकोकार्य विवरण र सुचकहरु | नपा | नपास्तरिय | २५०००.०० |
| २७ | आवधिक नगरविकास योजना अध्यवधिक | नपा | नपास्तरिय | ५००००.०० |
| २८ | सामाजिसुरक्षा कार्यक्रम व्यवस्थापन | नपा | नपास्तरिय | ४००००.०० |
| २९ | GIS तथा Website संचालन तथा व्यवस्थापन | नपा | नपास्तरिय | ५००००.०० |
| ३० | MCPM व्यवस्थापन कार्यक्रम | नपा | नपास्तरिय | २५०००.०० |
| ३१ | सामाजिकपरिचालक प्रोत्साहन कार्यक्रम | नपा | नपास्तरिय | १९५०००.०० |
| ३२ | टोल वस्तीसंगठन व्यवस्थापन | नपा | नपास्तरिय | ६००००.०० |
| ३३ | स्थानीयशान्ती समिति व्यवस्थापन कार्यक्रम | नपा | नपास्तरिय | ४०३६५.०० |
| ३४ | कर्कुसेखापायो ट्यांकी निर्माण | ११ | कर्कुसे | ७००००.०० |
| ३५ | वरडाडाखापायो मर्मत | १२ | वरडाडा | ४००००.०० |
| ३६ | छ्याङ्गखोलाखापायो मर्मत | १४ | भण्डारीगाँउ | ४००००.०० |
| ३७ | मार्सेखापयो मर्मत | १५ | मार्से | ४००००.०० |
| ३८ | नागरिकसचेतना केन्द्र कृषक समुह दुग्ध चिलिङ्ग भ्याट | २ | मालबासे | ६००००.०० |
| ३९ | अगुवाकृषक तालिम | १,३ | सान्नेभरि | १५००००.०० |
| ४० | कर्कुसेकृषक तालिम | १०,११,१२ | वडा भरि | ५००००.०० |
| ४१ | बोक्रेपाठके पौडेलटोलकृषि सडक | ५ | पौडेलटोल | १०००००.०० |
| ४२ | चौताराभन्याङ्ग नागरिक सचेतना केन्द्र कृषक तालिम | ३ | रमिते,ओखे्र | ४००००.०० |
| ४३ | वडानागरिक मञ्च पुनर्गठन | १,१५ | नपा | ४५०००.०० |

| | | | |
|---|---|---|---|
| ४४ | जलदेवीमन्दिर निर्माण | १५ मुगा | ५००००.०० |
| | | **जम्मा** | **३२४०३६५.००** |

## महिलालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरु १०%

## पुर्वाधार विकास

| क्र.स. | योजनाको नाम | वडा नं | टोल/वस्ती | नगरपालिकावाटबि नियोजित रकम |
|---|---|---|---|---|
| १ | अन्नपूर्णमा.बि. फर्निचर निर्माण | १ | तल्लो सान्ने | ५५००० |
| २ | सरस्वतीआधारभूत बिद्यालय कोठा प्लाष्टर | २ | मालमासे | ५५००० |
| ३ | धिर्जेगाउँखा.पा.टंकी निर्माण | ३ | धिर्जेगाउँ | ५५००० |
| ४ | महिलाकार्यालय भवन व्यवस्थापन | ४ | पाख्रीवास | ५५००० |
| ५ | महिला भवन मर्मत | ५ | दर्लामीटोल | ५५००० |
| ६ | सुधारिएको चुल्हो निर्माण | ६ | वडा भरी | ५५००० |
| ७ | समावेशी समाज विकास नेपाल महिला समुह भवन निर्माण | ७ | दियाले | ६५००० |
| ८ | सुधारिएको चुल्हो निर्माण | ८ | वडा भरी | ५५००० |
| ९ | सुधारिएको चुल्हो निर्माण | ९ | वडा भरी | ५५००० |
| १० | गाउँघरखोप केन्द्र शौचालय निर्माण | १० | डाँडाखर्क | ५५००० |
| ११ | महिलाभवन बिद्दुतिकरण | ११ | फलाँटेबजार | ५५००० |
| १२ | पुलामीटोल बिद्दुतिकरण | १२ | पुलामीटोल | ५५००० |
| १३ | सरस्वतीप्राबि खा.पा.यो. | १३ | राम्चे | ५५००० |
| १४ | महिलासामुदायिक भवन फर्निचर निर्माण / खरिद | १४ | मिलनचौक | ५५००० |
| १५ | पिपलटाङ्गखा.पा.यो. | १५ | पिपलटाङ्ग | ५५००० |
| १६ | कट्टेलडाडाखापायो | ४ | कट्टेलडाडा | ४१६३०.०० |
| १७ | मुगाखोलाआलेटोल ग्रा.स. | ५ | आलेटोल | ९५००० |
| १८ | कार्कीटोल/तामाङ्गाटोलविधुत विस्तार | ७ | कार्कीटोल/ तामाङ्ग | ८५००० |
| १९ | पात्लेखापायो मर्मत | ८ | पञ्चे | ३५००० |
| २० | सिंह कालीवहुउद्देश्य कृषक समुह कोठ थप | ९ | पारीगाँउ | ९५००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | सिंहदेवीथान घेराबारा | १० | डाडाखर्क | ४०००० |
| | | | **जम्मा** | **१२२६६३०** |

संस्थागत विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | अधिकारमाआधारित तालिम | १, १५ | नगरभरी | ३०००० |
| २ | एकलमहिला सम्मान कार्यक्रम | १,१५ | नगरभरी | ३०००० |
| ३ | आधारभुतकम्प्युटर तालिम | १,१५ | नगरभरी | ७०००० |
| ४ | महिलास्वास्थ्य स्वयं सेविका खाजा खर्च | १,१५ | नगरभरी | २५९८०० |
| ५ | महिलासशक्तिकरण (उद्घोषक ) तालिम | १,१५ | नगरभरी | ३५९३३ |
| | | | **जम्मा** | **४२५७३३** |

बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरु १०%

पूर्बाधार बिकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | नर्बदेश्वरआधारभूत बिद्यालय शै.सा.ख. | १ | फकुवा | ७३०४८ |
| २ | बालपञ्चमा.बि.शै.सा.ख. | २ | माथिल्लोसान्ने | ७३०४८ |
| ३ | पञ्चकन्याआधारभुत शै.सा.ख. | ३ | रमिते | ३०००० |
| ४ | जनकल्याणआदारभूत बिद्यालय कोठा मर्मत | ३ | ओखे | ४३०८० |
| ५ | दलितटोलबालबिकास केन्द्र शै.सा.ख | ४ | दलितटोल | ७३०४८ |
| ६ | ढुङ्गे धारा आधारभुत विधालय कम्प्युटर खरिद | ५ | ढुङ्गेधारा | ७३०४८ |
| ७ | श्री अ.नि.आधारभुत बिद्यालय कम्प्युटर खरिद | ६ | कसेनी | ५३०४८ |
| ८ | पञ्चकन्या आधारभुतविधालय शै.सा.ख | ६ | पञ्चकन्या | २०००० |
| ९ | शान्तिनिवास माबि घेराबारा | ७ | दियाले | ४०००० |
| १० | सूर्योदय प्राबि घेराबारा | ७ | डडुवा | ३३०४८ |
| ११ | कटहरे बालबिकास भवन निर्माण | ८ | कटहरे | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| १२ | ग्रामिण सामाजिक माबि बाल बिकास शै.सा.ख. | ८ | घोर्लिखर्क | २३०४८ |
| १३ | गुराँसे आधारभुत विधालय मल्टिमिडिया खरिद | ९ | गुराँसे | ७३०४८ |
| १४ | क्षेत्रेश्वरआधारभुत विधालय शैक्षिक सामग्री खरिद | १० | पेवाङ्ग | १४००० |
| १५ | जलेश्वरआधारभुत विधालय शैक्षिक सामग्री खरिद | १० | गुफा | २४००० |
| १६ | सरस्वतिआधारभुत विधालय शैक्षिक सामग्री खरिद | १० | डाँडाखर्क | ३५०४८ |
| १७ | सिँहदेविआधारभुत विधालय शौचालय निर्माण | ११ | तिल्के | १६५२४ |
| १८ | जनताआधारभुत विधालय शै.सा.ख. | ११ | कर्कुसे | १६५२४ |
| १९ | अमरमा.बि कम्प्यटर खरिद | ११ | बत्तिसइ्याले | ८२१९१ |
| २० | मदनआश्रित आधारभुत शै.सा.ख. | १२ | राम्चे | ३०००० |
| २१ | राममाबि शौचालय निर्माण | १३ | राममाबि | ५१९०४ |
| २२ | सरस्वतीआधारभुत विधालय शैक्षिक सामग्री खरिद | १३ | राम्चे | १५००० |
| २३ | सहिदयज्ञ आधारभुत ,शै.सा.ख. | १३ | थाक्ले | १५००० |
| २४ | महेन्द्रआधारभुत विधालय शै.सा.ख. | १४ | वैकुण्ठे | ४३०४८ |
| २५ | सरस्वतीमाबि वालमैत्री फर्निचर निर्माण | १४ | घामे | ३५००० |
| २६ | श्रीआधारभुत कात्तिके शै.सा.ख. | १५ | झोलुङ्गे | २०००० |
| २७ | श्रीआधारभुत जलकन्यादेवि शै.सा.ख. | १५ | थापागाँउ | २०००० |
| २८ | श्रीआधारभुत जनमुखी,शै.सा.ख. | १५ | मालमासे | २००३० |
| २९ | जाल्पादेवीक्याम्पस फर्निचर तथा पुस्तकालय | ४ | पाखीवास | ४३१६३० |
| | | | **जम्मा** | १५२७३६३ |

संस्थागत विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबि नियोजित रकम |
|---|---|---|---|---|
| १ | आमाबच्च प्रोत्साहन कार्यक्रम | १,१५ | नगरभरी | १५००० |
| २ | बालसचेतना गोष्ठी | १,१५ | नगरभरी | ३०००० |
| ३ | उत्कृष्टछात्र, छात्रा पुरस्कृत कार्यक्रम | १,१५ | नगरभरी | १५००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | नगरस्तरिय बाल भेला समिति गठन | १,१५ | नगरभरी | ४०००० |
| ५ | जन्म दर्ता अभियान | १,१५ | नगरभरी | २५००० |
| | | | **जम्मा** | **१२५०००** |

आर्थिक तथा सामाजिकरुपमा पछि परेका विपन्न वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्नेकार्यक्रमहरु(आदिवासि-जनजाति)

पुर्वाधार विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | फावाखोलारुम्टी कवासे कुलो मर्मत | १ | लयागु | ३५००० |
| २ | बौद्दबिहार निर्माण | २ | चाँपे | ३५००० |
| ३ | पञ्चकन्याथामडाँडा सडक मर्मत | ३ | धिर्जेगाउँ | ३५००० |
| ४ | तामाङ्गसमाधिस्थल निर्माण | ४ | राम्चे | ३५००० |
| ५ | तामाङ्ग,सागर समिति दाहसंस्कार(हेङ्गर निर्माण) | ५ | लालेभिर | ३५००० |
| ६ | मार्गादिवि मन्दिर मर्मत | ६ | कसेनी | ३५००० |
| ७ | जातिय पहिचानमुखी संग्राहालय निर्माण | ७ | डडुवा | ३५००० |
| ८ | शान्तिपार्क भवन निर्माण मर्मत | ८ | डिकुरे | ३५००० |
| ९ | बौद्दगुम्बा भवन निर्माण | ९ | डिकुरे | ३५००० |
| १० | तोखालीटोलदाहालडाँडा तिनदोभाने खा.पा.यो. | १० | तोखालीडाँडा | ३५००० |
| ११ | चिसापानीतिल्ले खा.पा.यो. | ११ | तिल्के | ३५००० |
| १२ | राम्चेखा.पा.टंकी मर्मत | १२ | राम्चे | ३५००० |
| १३ | राम्चेसमाधिस्थल निर्माण | १३ | राम्चे | ३५००० |
| १४ | नावाङ्गेकाभ्रे खोकु चुङ्गवाङ सडक | १४ | काभ्रे | ३५००० |
| १५ | मौलाखैरेनीसडक स्तरउन्नती | १५ | अग्राखे | ३५००० |
| १६ | फाङ्दुवालीसेवा समाज खेलमैदान निर्माण | 6 | माझगाँउ | १००००० |
| १७ | मार्सेखापयो मर्मत | १५ | मार्से | ३०७६८ |
| | | | **जम्मा** | **६५५७६८** |

संस्थागत विकास

| क्र.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबि नियोजित रकम |
|---|---|---|---|---|
| १ | आधारभुतकम्प्युटर तालिम | १,१५ | नगरस्तरीय | ५०००० |
| २ | अधिकारमाआधारित तालिम | १,१५ | नगरस्तरीय | ३०००० |
| ३ | व्यवसायिकमहुरि पालन तालिम | १,१५ | नगरस्तरीय | ५०००० |
| ४ | लोकसेवातयारी कक्षा | १,१५ | नगरस्तरीय | ५०००० |
| ५ | जनजाति कार्यालय व्यवस्थापन तथा फर्निचर खरिद | ५ | नगरस्तरीय | ३१७२३ |
| | | | **जम्मा** | २११७२३ |

आर्थिक तथा सामाजिकरुपमा पछि परेका विपन्न वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्नेकार्यक्रमहरु(दलित)

पुर्वाधार विकास

| क्र.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबि नियोजित रकम |
|---|---|---|---|---|
| १ | शिरपानीनागरिक सचेतना केन्द्र् खानेपानी योजना | १ | लयागु | २०००० |
| २ | दलितआरनघर प्लाष्टर | २ | मालमासे | ३०००० |
| ३ | चुनेढुङ्गापाटीगाउँ खा.पा.मर्मत | ३ | पाटीगाउँ | १५००० |
| ४ | दलितटोलखा.पा.यो. | ४ | खतिटोलर परियार टोल | ४०००० |
| ५ | दलित खा.पा.पाइप खरिद | ५ | बोक्रे | १५००० |
| ६ | खा.पा.टंकी मर्मत | ६ | कसेनी मिलडाडा | २५००० |
| ७ | बंगुरपालन कार्यक्रम | ७ | दियाले | २०००० |
| ८ | ब्यबसाय औजार खरिद | ८ | कटहरे | २५००० |
| ९ | बंगुरपालन कार्यक्रम | ९ | डिकुरे | २५००० |
| १० | दलितबस्ती खा.पा.च्याम्वर तिनतले ढुङ्गा | १० | तिनतले | २०००० |
| ११ | भण्डारीटोलखा.पा.यो. पाइप खरिद | ११ | दलितटोल | १५००० |

| | | | | |
|---|---|---|---|---|
| १२ | पञ्चेवाजा खरिद | १२ | वडाभरी | २०००० |
| १३ | सूर्योदयवाल विकास केन्द्र खा.पा.यो. | १३ | गजेभञ्जाङ्ग | २०००० |
| १४ | परियारटोलखा.पा.यो. | १४ | जागिरगाँउ | २०००० |
| १५ | भुन्टेडाँडाखा.पा.मर्मत | १५ | भुन्टेडाँडा | २०००० |
| | | | **जम्मा** | **३३००००** |

संस्थागत विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | लोकसेवातयारी कक्षा | १,१५ | नगरस्तरीय | ५०००० |
| २ | अधिकारमाआधारित तालिम | १,१५ | नगरस्तरीय | ४०००० |
| ३ | आधारभुतकम्प्युटर तालिम | १,१५ | नगरस्तरीय | ५०००० |
| ४ | कार्यालयव्यावस्थापन | १,१५ | नगरस्तरीय | ३०००० |
| ५ | सवारीचालक तालिम | १,१५ | नगरस्तरीय | ४५२८० |
| | | | **जम्मा** | **२१५२८०** |

आर्थिक तथासामाजिकरुपमा पछि परेका विपन्नवर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरु(अपाङ्गता भएका ब्यक्तिहरु)

पुर्वाधार विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | **गैयाथानसंरक्षण** | १३ | काफलटाङ्ग | १००००० |
| | | | **जम्मा** | **१०००००** |

संस्थागत विकास

| क.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | अपाङ्गापहिचान तथा तथ्यांक संकलन | १,१५ | नगरस्तरीय | ६००६५ |
| २ | अपाङ्गापार्श्व चित्रनिर्माण | १,१५ | नगरस्तरीय | १००००० |
| ३ | बाँसकोसामाग्री निर्माण तालिम | १,१५ | नगरस्तरीय | ७०००० |
| ४ | च्याउखेतीतालिम | १,१५ | नगरस्तरीय | ७०००० |
| ५ | लोकसेवातयारी कक्षा | १,१५ | नगरस्तरीय | ७०००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | आधारभुत कम्प्युटर तालिम | १,१५ | नगरस्तरीय | १००००० |
| | | | | |
| | | | **जम्मा** | **४७००६५** |

आर्थिक तथा सामाजिकरुपमा पछि परेका विपन्न वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्नेकार्यक्रमहरु(जेष्ठ नागरिक)

पुर्वाधार विकास

| क्र.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | जेष्ठनागरिक मिलन चौतारी निर्माण | १,२,३ | सान्ने | ६०००० |
| २ | जेष्ठनागरिकमिलन केन्द्र निर्माण (क्रमागत) | ४,५,६ | कसेनी | ६०००० |
| ३ | सिंहदेवीजेष्ठ *नागरिक* पार्क निर्माण | ७,८,९ | देविथानडाडा | ६०००० |
| ४ | हात्तिखर्कमलामि बिश्रामालय निर्माण | १०,११,१२ | छाम्लाङ्दोभान | ६०००० |
| ५ | कार्कले धर्मशाला निर्माण | १३,१४,१५ | बैकुण्ठे | ६०००० |
| | | | **जम्मा** | **३०००००** |

संस्थागत विकास

| क्र.स. | योजनाको नाम | वडा नं | टोल/बस्ती | नगरपालिकावाटबिनियोजित रकम |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक देश दर्शन भ्रमण | १,१५ | नगरस्तरीय | १७०००० |
| २ | जेष्ठ नागरिक सम्नान (९० वर्ष माथि ) | १,१५ | नगरस्तरीय | २५७०९ |
| | | | **जम्मा** | **१९५७०९** |
| | • **समपुरककोष रकम** **(ठुला पूर्वाधार विकास योजना, नगर क्षेत्र पूर्वाधार विकास योजना, सडक बोर्ड नेपाल, लुमन्ती परियोजना, नदी खोला तटबन्धन साझदारी, ह्यूम पाईप तथा विद्युतिकरण साझेदारी लगायत अन्य संघ संस्थाहरुको योजना तथा कार्यकममा साझेदारीको लागि** | | | **८००००००।०** |
| | **प्राकृतिक पकोप कोष १%** | | | **१८१२२०।००** |
| | **मर्मत संभार कोष ५ %** | | | **९०६१००।००** |

| | | | | |
|---|---|---|---|---|
| | आयोजना व्यवस्थापन खर्च ३ % | | | ५११०४११०० |
| | जम्मा निशर्त पुँजिगत अनुदान | | | २६१२२०००१० |

## आन्तरिक आय र राजश्व बाडफाडबाट प्राप्त रकम पुँजिगत खर्च तर्फ :

| क.सं. | योजनाको क्षेत्र | कार्यक्रम संख्या | प्रस्ताबित बजेट | मुख्य कार्यक्रमहरू |
|---|---|---|---|---|
| १ | नगरपालिका कार्यालयको हल निर्माण | १ | ८,३४,५००।०० | कोठा थप तथा मर्मत |
| २ | एकिकृत नगर बिकास गुरु योजना निर्माण | १ | ५,०००००।०० | |
| ३ | पर्यटन गुरुयोजना निर्माण | १ | २,०००००।०० | |
| ४ | नगरस्तरीय ठूला आयोजनाहरुको संभाव्यता अध्ययन | | ३,०००००।०० | |
| ५ | नगर वृतचित्र निर्माण | | २,०००००।०० | |
| ६ | वन जंगल,वातावरण संरक्षण,वातावरण सरसफाइ सम्बन्धि सचेतना कार्यक्रम | | २,०००००।०० | |
| ७ | कर्मचारी कल्याणकोष स्थापना | | १,०००००।०० | |
| | जम्मा | | २३,३४,५००।०० | |

**(ख) ठूला पूर्वाधार बिकास योजना :१,००००००००।**

| **क.स.** | **योजनाको नाम** | कार्यक्रम संख्या | प्रस्ताबित बजेट | मुख्य कार्यक्रमहरू |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | शनिवारे हाट - सान्ने जाने सडक ग्राभेल | १ | ५०,००००० । | |
| २. | पाखिवास-फलाटें सडक ग्राभेल | १ | ५०,००००० । | |

**(ग) नगर क्षेत्र पूर्वाधार बिकास कार्यक्रम : २,००००००० ।-**

| क्र.स. | योजनाको नाम | कार्यक्रम संख्या | प्रस्ताबित बजेट | मुख्य कार्यक्रमहरू |
|---|---|---|---|---|
| १. | नगर पालिका भबन निर्माण क्रमागत | १ | १,२५००००० । | |
| २. | शनिवारे हाट **Shoping Complex** निर्माण क्रमागत | १ | ५०,००००० । | |
| ३. | बस पार्क निर्माण तथा ब्यबस्थापन कार्यक्रम-नयाँ | १ | २५,००००० । | |

**(घ) सडक बोर्डबाट संचालन हुने कार्यक्रम :४५,००००० ।—**

**१.पाखीवास वृहत खानेपानीयोजना प्रवेश मार्ग स्तरीकरण रु.२५,००००० ।—**

**२.बसपार्क प्रवेश मार्ग रु.२०,००००० ।**

**(ङ) अन्य पूँजिगत अनुदान (मन्त्रालयबाट प्राप्त हुने) :**

**(च) LGCDP**

**आय शिर्षक:**

**खर्च उपशिर्षक**

| वजेट खर्च शिर्षक | खर्चको विवरण | गत वर्ष २०७२/७३को यथार्थ व्यय | २०७३मार्ग मसान्तसम्मको यथार्थ खर्च | चालु आ.व. २०७३।७४ को | | आगामी आ.व.२०७४।७५ को अनुमानित व्यय |
|---|---|---|---|---|---|---|
| | | | | प्रस्तावित अनुमान व्यय | संशोधित अनुमान व्यय | |
| १ | उपभोग खर्च | | | | | |
| २१११११ | त्लव | २७६३७१०।०० | १५६८९३४।८५ | २७७४७००।०० | ३६००००० ।०० | ३७५००००।०० |
| २१११२ | पदाधिकारी पारीश्रमिक | | | | | |
| | कर्मचारी कल्याण कोष | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१११३ | विमा प्रीमियम खर्च | २१६००।०० | २१७९१।०० | २१६००।०० | ३८६००।०० | ४००००।०० |
| २१११४ | भत्ता | | | | | |
| २१११२ | कर्मचारी भत्ता | १६०४८०।०० | ६४६४३।३३ | १६०४८०।०० | १६२६००।०० | १७००००।०० |
| | पदाधिकारी पारीश्रमिक | | | | ३२५००।०० | ५४०००।०० |
| २१११९ | वैठक भत्ता | ११९५८०।०० | ६२५५०।०० | २०००००।०० | २०००००।०० | २५००००।०० |
| २२६११ | सरूवा भ्रमण खर्च | | | | १००००।०० | २००००।०० |
| २११२१ | पोषाक | ११२५००।०० | | ११२५००।०० | ११२५००।०० | १४००००।०० |
| २११२३ | औषधि उपचार | | | | | |
| २७३१५ | सेवा निवृत सुविधा | | | | | |
| | **जम्मा उपभोग खर्च** | **३१७७८७०।०** | **१७१७९१९।१८** | **३२६९२८०।००** | **४१५६२००।००** | **४४२४०००** |
| २ | कार्य संचालन र सेवा खर्च | | | | | |
| २२१११ | पानी तथा विधुत महशुल | ५५०००।०० | | ८००००।०० | ८००००।०० | ९००००।०० |
| २२११२ | संचार महसुल | ५८८५७।०० | १११३१।०० | ६००००।०० | ६००००।०० | ६५०००।०० |
| २२३११ | कार्यालय सम्वन्धि | ७०००००।०० | ३९७५७।०० | ७०००००।०० | ७५००००।०० | ८०००००।०० |
| २२१२२ | भाडा | १४९६००।०० | २७५००।०० | १५००००।०० | ७५०००।०० | १०००००।०० |
| २२२१२ | मर्मत तथा सम्भार | १७७०२।०० | ५५७६१।०० | ५००००।०० | २०००००।०० | ३०००००।०० |
| २.०६ | इन्धन तथा अन्य | | | | | |
| २२२११ | सवारी ईन्धन कर्मचारी | ८६०३६।५० | ५१८६१।०० | ८००००।०० | २५००००।०० | ३०००००।०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २००००।०० | १५५०।०० | २००००।०० | २००००।०० | ३००००।०० |
| २.०७ | परामर्श तथा अन्य सेवा शुल्क | | | | | |
| २२४१२ | परामर्श अन्य शुल्क | २२२१९३।५० | २०१०००।०० | २२३०००।०० | ४३२०००।०० | ८९६५००।०० |
| २२७११ | विविध खर्च | ३४३११३।०० | ११५२७२।०० | ३०००००।०० | ३२५०००।०० | ३५००००।०० |
| २२५०० | कार्यक्रम खर्च | | | | | |
| १ | मानव संशाधन योजना तथा विकास | | | | | |
| क | कर्मचारीको लागि क्षमता विकास तालिम | | | | | |
| ख | उपभोक्ता समिति अनुशिक्षण तालिम | | | | | |
| ग | अन्य कार्यक्रम | | | | | |
| २ | सुशासन, पत्रकार तथा मानव अधिकार प्रवर्द्धन | | | | | |
| क | पत्रकारीता विकास कार्यक्रम | | | | | |
| ख | चौमाशिक/ अर्धवार्षिक समिक्षा गोष्ठी | | | | | |
| ग | परिषद सञ्चालन कार्यक्रम | १६४२००।०० | | २०००००।०० | | |
| घ | सार्वजनिक सुनुवाई कार्यक्रम | १५००००।०० | | १५००००।०० | | |
| ङ | सुशासन सम्बन्धि अन्य कार्यक्रम | ७००००।०० | | ८००००।०० | ८००००।०० | ८००००।० |
| च | योजना पुस्तीका प्रकासन | | | | | |
| छ | विभिन्न वुलेटिन विनियम तथा निर्देशिका प्रकासन | | | | | |
| ज | योजना तथा कायक्रम | ११०००।०० | | ११०००।०० | २००००।०० | ७००००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुगमन भत्ता | | | | | |
| ३ | सस्थागत सुदृढीकरण | | | | | |
| क | सूचनाकेन्द्र व्यवस्थापन | | | | | |
| ख | सम्मान तथा पुरस्कार | ३००००।०० | | ३००००।०० | | |
| ग | iec कार्यक्रम | | | | | |
| घ | अन्तीम लेखा परिक्षण खर्च | ५००००।०० | | ५००००।०० | ०।०० | |
| ४ | सामाजिक विकास कार्यक्रम | १४७७३०।०० | | ३०००००।०० | २०००००।०० | २०००००।० |
| ४.०५ | का.भ्रमण खर्च | | | | | |
| २२६१२ | का.भ्रमण खर्च | ६०००००।०० | १२३९६६।०० | ५०००००।०० | ५०००००।०० | ६०००००।० |
| ४.०७ | नगरको फाहोरमैला व्यवस्थापन खर्च | १४४००।०० | ४८००।०० | १४४००।०० | १४४००।०० | २००००।०० |
| २२९११ | फिर्ता खर्च | ८८८३२।०० | | १७५०००।०० | २०००००।०० | २५००००।० |
| २६३१२ | स्था.स्वा.शा.तथा विकास कार्यक्रम | | | | | |
| | **जम्मा कार्य संचालन र सेवा खर्च** | **२९७८६६४१०० ०** | **९९०४१२** | **३१७३४००।००** | **३२०६४००।००** | **४१५१५००।** |
| **चालु खर्चको जम्मा रू** | | **६१५६५३४१० ०** | **२७०८३३१।१८** | **६४४२६८०।००** | **७३६२६००।००** | **८५७५५००।** |

